# रावा बेसी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हरमटार, कुभिण्डे, खोटाङ
१ नं. प्रदेश, नेपाल

Website :rawabesimun.gov.np

E-mail :rawabesigaupalika@gmail.com

पत्र संख्या :-२०७८/०७९
चलानि नं.११३९

मिति :२०७८।११।१२

विषयः मतदाता नामावली अध्यावधिक कार्यक्रम सम्बन्धमा ।

श्री रावा बेसी गाउँपालिका
वडा कार्यालयहरु, सबै ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संघीय मामिला शाखा सिंहदरवार काठमाण्डौंको च.नं.८९ मिति २०७८।११।१० गतेको मतदाता नामावली अध्यावधिक कार्यक्रम सम्बन्धमा विषयको प्राप्त पत्रानसार स्थानीय तह निर्वाचन २०७९ का लागि २०७८।११।१९ गते देखि २०७८।११।२६ गते सम्म सञ्चालन हुने मतदाता नामावली अध्यावधिक कार्यक्रमवारेको जानकारी पत्र यसै पत्रसाथ संलग्न राखि पठाईएको ब्यहोरा अनुरोध छ । उक्त प्राप्त पत्रको आधारमा मतदाताहरुमा सूचना सम्प्रेशण गर्नु हुन जानकारी गराईन्छ ।

२०७८।११।१२

रेख वहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

(मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा)

प.सं. च.नं./निर्वा: २०७८/०७९/१९२१

मिति :- २०७८/११/०८

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं ।

विषय : मतदाता नामावली अद्यावधिक कार्यक्रम सम्बन्धमा ।

स्थानीय तह निर्वाचन, २०७९ का लागि मिति २०७८/११/१९ देखि २०७८/११/२६ सम्म सञ्चालन हुने मतदाता नामावली अद्यावधिक कार्यक्रमसँग सम्बन्धित संलग्न पत्र सबै स्थानीय तहमा परिपत्र गरिदिनुहुन निर्देशानुसार अनुरोध छ ।

(सुशीला श्रेष्ठ)
शाखा अधिकृत

प.सं. च.नं./मिति: २०७८/०७९/१२०

मिति :- २०७८/११/०८

श्री स्थानीय तहहरू (७५३ सबै) ।

विषय : मतदाता नामावली अद्यावधिक कार्यक्रम सम्बन्धमा ।

संवत् २०७९ बैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि आयोगले मतदाता नामावली अद्यावधिक गरी अन्तिम मतदाता नामावली तयारी गर्ने कार्य प्रारम्भ गरेको छ । सो प्रयोजनका लागि संवत् २०७८ माघ २४ गतेसम्म मतदाता नामावलीको लागि नाम सङ्कलन भई संवत् २०७९ बैशाख २९ गतेसम्म अठार वर्ष उमेर पुगेका व्यक्तिहरूको मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७८ देहायका क्रियाकलापहरूसहित मिति २०७८/११/११ देखि मिति २०७८/११/२६ सम्म निर्वाचन कार्यालयहरूमा सञ्चालन हुँदैछ ।

मतदाता नामावली अद्यावधिक कार्यक्रममा सञ्चालन हुने क्रियाकलापहरू

१. मतदाता नामावली प्रकाशन गर्ने,
२. कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटी भएमा सच्याउनको लागि निवेदन दिने,
३. कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए प्रमाण सहित उजुरी दिने,
४. दोहोरो नाम हटाउन निवेदन दिने,
५. दोहोरो नाम हटाउने,
६. मृत्यु भएको वा नागरिकता त्याग गरेको वा नागरिकता रद्द भएको व्यक्तिको नाम मतदाता नामावलीबाट हटाउने ।

उक्त कार्यक्रम सञ्चालनका सम्बन्धमा तहाँबाट देहाय बमोजिम सहयोग हुन अनुरोध गर्दछु ।

स्थानीय तहबाट सहयोग हुनु पर्ने विषय

१ निर्वाचन कार्यालयले उपलब्ध गराएको मतदाता नामावली तोकिएको मितिमा वडा कार्यालयमा टाँस गर्ने व्यवस्था हुन,

प.सं. च.नं./Ref:

२. मतदाता नामावलीमा नाम भएका व्यक्तिमध्ये तहाँ स्थानीय तहबाट बसाई सरी वा विवाह भै अन्यत्र गएका वा मृत्यु भएका व्यक्तिहरुको विवरण निर्वाचन कार्यालयले माग गरेका बखत उपलब्ध गराइदिनुहुन,

३. मतदाता नामावली अद्यावधिक कार्यक्रम अनुसार कुनै व्यक्तिले केही निवेदन दिनु पर्ने भएमा निर्वाचन कार्यालयमा निवेदन दिन सूचित गर्ने व्यवस्था हुन ।

(गोकर्णमणि दुवाडी)
सचिव

बोधार्थ
श्री निर्वाचन कार्यालय (सबै)